बागचौर नगरपालिका

# ११ नं. वडा कार्यालय

पानीचौर, सल्यान,

कर्णाली प्रदेश नेपाल

## ११ नं. वडा कार्यालयको संक्षिप्त विवरण

नगरपालिकाको वडा नं. ११ साबिक बाँफुखोला गाउँ विकास समितिका वडाहरू ६, ७, ८ र ९ मिलेर बनेको छ । वडा ११ को क्षेत्रफल १३.८१ वर्गकिमि छ । यस वडाको डिजिटल सर्भेअनुसार कुल घरधुरी संख्या३९९ रहेको छ भने कुल जनसंख्या२,०७१ रहेको छ । जसमा पुरुष १,०७१, महिला १००० र अन्य शून्य रहेको छ । सर्भेअनुसार कुल साक्षर जनसंख्या१,३८१ रहेको छ । साक्षर पुरुषको जनसंख्या७४३ रहेको छ भने साक्षर महिलाको जनसंख्या६३८ रहेको छ । बागचौर नगरपालिका सबैभन्दा कम घरधुरी वडा नं. ११ मा रहेका छन् । त्यसका साथसाथै यस नगरपालिकाको १२ वटा वडामध्ये यस वडामा सबैभन्दा कम जनसंख्यारहेको छ ।

आलु उत्पादनमा विशेष मानिएको यो वडामा अदुवा, बेसार, टिमुर, मकै, गहुँ, बेमौसमी तरकारी खेतीका लागि पनि राम्रो मानिएको छ । वडामा बसोवास गर्ने व्यक्तिको मुख्य पेसा कृषि तथा पशुपंक्षीपालन रहेको छ । यसबाहेक व्यापार व्यवसाय तथा घरेलु उद्योग, थोक तथा खुद्रा व्यापार, शिक्षण, वैदेशिक रोजगारी, सरकारी सेवाका साथै होटल, पर्यटन तथा सेवाजस्ता आयआर्जनका पेसाबाट यहाँका जनताले आफ्नो जीविकोपार्जन गर्ने गरेका छन् ।

| क्र.स. | नाम थर | पद | सम्पर्क नम्बर | ईमेल ठेगाना |
|---|---|---|---|---|
| १ | केश बहादुर भण्डारी | वडा अध्यक्ष | ९८०९५४७६१७ | bagchaurward11@gmail.com |
| २ | चन्दकला खड्का | महिला सदस्य | ९८६८११५७६७ | bagchaurward11@gmail.com |
| ३ | रुपा परियार | दलित महिला सदस्य | ९८१०९३१८४८ | bagchaurward11@gmail.com |
| ४ | मान बहादुर वली | सदस्य | ९८०६२३५८२० | bagchaurward11@gmail.com |
| ५ | थल बहादुर खड्का | सदस्य | ९८२३५८७९५३ | bagchaurward11@gmail.com |
| ६ | पुष्पराज वली | वडा सचिव | ९८४८१४६६३७ | bagchaurward11@gmail.com |
| ७ | पेम बहादुर शाहि | सब-ईन्जिनियर | ९८६८३९९२५७ | bagchaurward11@gmail.com |
| ८ | भेषराज वली | का.स. | ९८४३३६१७८५ | bagchaurward11@gmail.com |